केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/५/०७६/७७

मिति: २०७६/०८/०८

**ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु**

महाशय,

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७६/०७/२९ को निर्णयानुसार सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ मा यसैसाथ संलग्न भए बमोजिम संशोधन (दोश्रो संशोधन, २०७६) भएकोले सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(देवकुमार ढकाल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।

# सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत (दोस्रो संशोधन) कार्यविधि, २०७६

सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ लाई संशोधन गर्न वान्छनीय भएकोले,

सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत (दोस्रो संशोधन) कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ को दफा २ मा संशोधन** : (१) सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा २ को खण्ड (ञ) मा रहेको "एकल" भन्ने शब्दको सट्टा "व्यक्तिगत" भन्ने शब्द राखिएको छ ।

(२) मूल कार्यविधिको दफा २ को खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छ ।

(ट) "वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा" भन्नाले श्रम स्वीकृति प्राप्त गरी वा नगरी कुनै पनि देशमा कम्तीमा छ महिना काम गरी नेपाल फर्केका युवाहरुलाई व्यक्तिगत वा सामूहिकरुपमा प्रवाह हुने कर्जा सम्झनु पर्छ ।"

(३) मूल कार्यविधिको दफा (२) को (ट) पछि देहायको (ट१) थपिएको छ ।

(ट.१) "कपडा उद्योगहरुले लिएको कर्जा" भन्नाले कपडा उद्योग सञ्चालनको लागि लिइएको कर्जा भन्ने सम्झनु पर्छ ।

३. **मूल कार्यविधिको दफा ३ मा संशोधनः** मूल कार्यविधिको दफा ३ को उपदफा (१) को (छ) पछि देहायको (ज) र (झ) थपिएको छ ।

(ज) कपडा उद्योग सञ्चालनको लागि रु. ५ करोड सम्म

(झ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट लिइने तालिम आदिको लागि रु. २ लाख सम्म ।

४. **मूल कार्यविधिको दफा ४ मा संशोधनः** (१) मूल कार्यविधिको दफा ४ मा उल्लेखित कर्जा "भुक्तानी अवधी" भन्ने शब्दको सट्टा "व्याज अनुदान प्राप्त गर्ने अवधी" भन्ने शब्दहरु राखिएको छ ।

(२) मूल कार्यविधिको दफा ४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ

(१) यस कार्यविधि बमोजिम व्याज अनुदान दिइने अवधी बढीमा पाँच वर्षको हुनेछ । यस्तो कर्जाको अवधी व्यवसायको प्रकृति अनुसार सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुले तोक्न सक्नेछन् ।

(३) मूल कार्यविधिको दफा ४ को उपदफा (२) मा रहेको "उद्देश्य" भन्ने शब्द पछि "व्यवसायको प्रकृति, प्रतिफलको अवधी" भन्ने शब्दहरु थपिएका छन् ।

५. **मूल कार्यविधिको दफा ५ मा संशोधन**: मूल कार्यविधिको दफा ५ को उपदफा (२) मा रहेको "ब्याज" भन्ने शब्द पछि "कर्जा सूचना शुल्क, ऋणिले ब्यहोर्नु पर्ने बीमा प्रिमियम र कर्जा सुरक्षण शुल्क" भन्ने शब्दहरु थपिएका छन ।

६. **मूल कार्यविधिको दफा ६ मा संशोधन**: (१) मूल कार्यविधिको दफा ६ को उपदफा (१) मा रहेको "सामुहिक" भन्ने शब्दको सट्टा "एकाघर परिवारका सदस्यको व्यक्तिगत" भन्ने शब्दहरु राखिएका छन ।

(२) मूल कार्यविधिको दफा ६ को उपदफा (३) मा रहेको "ज्ञान" भन्ने शब्द पछि "अनुभव, रुची" भन्ने शब्दहरु थपिएका छन ।

(३) मूल कार्यविधिको दफा ६ को उपदफा (६) मा रहेको "सामूहिक जमानीमा प्रदान गरिने" भन्ने शब्दहरु झिकिएका छन् ।

(४) मूल कार्यविधिको दफा ६ को उपदफा (७) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ ।

"यस उपदफाको प्रयोजनको लागि धितो भन्नाले भुकम्प पिडित निजी आवास पुनर्निर्माण वा प्रवलीकरण लाभग्राहीले निजी आवास निर्माण कर्जा लिई निर्माण गर्ने वा गरेको घर तथा निजको वा निजको एकाघरको परिवारको सदस्यको नाममा रहेको अन्यत्र ऋण प्रयोजनका लागि धितोमा रहेको सो घरले चर्चेको जग्गा सम्झनु पर्छ"

(५) मूल कार्यविधिको दफा (६) को उपदफा (८) पछि देहायको उपदफा (९), (१०) र (११) थपिएका छन् ।

(९) कपडा उद्योगलाई प्रदान गरिने कर्जाको हकमा धितो आवश्यक हुनेछ ।

(१०) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् बाट मान्यता प्राप्त संस्थाबाट लिने तालिम आदिको लागि एकाघर परिवारका सदस्यको व्यक्तिगत जमानीमा कर्जा उपलब्ध हुनेछ ।

(११) उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा विद्यार्थीको एकाघर परिवारका सदस्यको व्यक्तिगत जमानीमा उपलब्ध हुनेछ ।

७. **मूल कार्यविधिको दफा १० मा संशोधन**: (१) मूल कार्यविधिको दफा १०(१) को (क) को (२) को सट्टा देहायको (२) राखिएको छ ।

"(२) दशलाख भन्दा कम कर्जाको हकमा एकाघर परिवारका सदस्यको जमानी सम्बन्धी कागजात,"

(२) मूल कार्यविधिको दफा १०(१) को (ख) को (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ

"तर व्यवसायसंग सम्बन्धित प्राविधिक विषयमा स्नातक तह उत्तीर्ण गरी व्यवसाय संचालन गर्ने व्यक्तिको हकमा तालिम अनिवार्य हुने छैन ।"

(३) मूल कार्यविधिको दफा १०(१) को (ग) को (१) मा रहेको रहेको "सम्बन्धित तालिम/व्यवसाय/पेशा क्षेत्रमा" भन्ने शब्दहरु झिकिएका छन् ।

(४) मूल कार्यविधिको दफा १०(१) को (ग) को (३) झिकिएको छ।

(५) मूल कार्यविधिको दफा (१०) को उपदफा (३) मा उल्लेखित "तोकिएको अवधी" भन्ने शब्दहरुको सट्टा "२०७७ मंसिर मसान्तसम्म" भन्ने शब्दहरु राखिएका छन ।

(६) मूल कार्यविधिको दफा १० को उपदफा (४) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः

"तर यो दफा भूकम्प पिडितहरुको निजी आवास निर्माण कर्जाको हकमा लागू हुने छैन ।"

(७) मूल कार्यविधिको दफा १०(१) को (छ) पछि देहायको (ज) र (झ) थपिएको छ ।

(ज) कपडा उद्योगलाई दिइने कर्जा :

(१) व्याज अनुदान लिन चाहने कपडा उद्योगले आफ्नो पछिल्लो ऋणको सम्पूर्ण विवरण सम्बन्धित बैङ्कबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

(२) कपडा उद्योगले यस अघि लिएका ऋणका हकमा मिति २०७५/०४/०१ गते कायम रहेको वा सो मिति पश्चात् लिएको ऋण रकममा मिति २०७५/०८/२४ गते देखि ५ प्रतिशत विन्दुका दरले व्याज अनुदान प्रदान गरिनेछ।

(३) यस्तो व्याज अनुदान दिंदा व्यवसायको सञ्चालन अबस्था, रुग्ण भए पुनः सञ्चालनमा आउन सक्ने अवस्था र व्यवसायिक योजना समेतका आधारमा कर्जा दिने बैङ्कबाट सम्भाव्यताको सिफारिस गराउनु पर्नेछ।

(४) नयाँ ऋणको हकमा उद्योगको आवश्यकता हेरी बढिमा रु.५ करोडसम्मको ऋणमा मात्र यस्तो अनुदान उपलव्ध गराइनेछ। तर, यस्तो ऋण रकम उद्योग सञ्चालन कार्यको लागि नै उपयोग गर्नु पर्नेछ। यसरी उपयोग गरेको नपाइएमा सरकारी बाँकी सरह असूल उपर गरिनेछ। त्यसरी असूल उपर गर्नु पर्ने साँवा रकममा १५ प्रतिशत व्याज समेत असूल गरिनेछ।

(५) ऋण रकमको प्रमाणीकरणको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट भएको सिफारिस सहित बैङ्क तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैङ्कसँग सोधभर्ना माग गरेपछि उक्त बैङ्कमा रहेको सोधभर्ना खाताबाट सम्बन्धित बैङ्क तथा वित्तीय संस्थालाई सोधभर्ना रकम उपलव्ध गराइनेछ।

(६) यस्तो अनुदान प्राप्त गर्नका लागि उद्योगको स्वामित्व नेपाली नागरिकमा रहेको हुनु पर्नेछ।

(७) यस्तो अनुदान प्राप्त गर्नको लागि उद्योग मूल्य अभिबृद्धि करमा दर्ता भएको हुनु पर्नेछ। साथै उद्योगले व्याज अनुदान दाबी गरेको अघिल्लो आर्थिक वर्षको आयविवरण / कर चुक्ता प्रमाणपत्र पेश गरेको हुनु पर्नेछ।

(झ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट लिने तालिम सम्वन्धी कर्जा :

(१) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थामा भर्ना भएको कागजात,

(२) तालिम लिन चाहेको विषय खुल्ने कागजात/निवेदन,

(३) नेपाली नागरिक हुनुपर्ने ।

८. <u>मूल कार्यविधिको दफा ११ मा संशोधन</u> : (१) मूल कार्यविधिको दफा ११ को (छ) मा रहेको "बमोजिम" भन्ने शब्द पछि "सिप विकास तालिम लिनु पर्ने व्यक्तिको हकमा" भन्ने शब्दहरु थपिएका छन ।

(२) मूल कार्यविधिको दफा ११ को (ज) मा रहेको "सम्वन्धित तालिम/पेशा/व्यवसाय/क्षेत्रमा काम गरेको कागजात" भन्ने शब्दहरु झिकि उक्त ठाउमा "काम गरी फर्किएको" भन्ने शब्दहरु थपिएका छन ।

(३) मूल कार्यविधिको दफा ११ को (ञ) मा रहेका "आवास निर्माण कार्य शुरु गर्न नसकेका" भन्ने शब्दहरु पछि "र निर्माण कार्य सम्पन्न गर्न नसकेका" भन्ने शब्दहरु थपिएका छन ।

<u>९. मूल कार्यविधिमा परिच्छेद ७क तथा दफा (१९क) र (१९ख) थप</u> : मूल कार्यविधिको परिच्छेद-७ पछि देहायको परिच्छेद ७.क थप गरी दफा १९.क र १९.ख थप गरिएको छ ।

सचिव

## परिच्छेद ७क

## केन्द्रीय निर्देशन समिति

(१९क) केन्द्रीय निर्देशन समितिको गठन :- (१) यस कार्यविधिको कार्यान्वयनका सम्बन्धमा सहजीकरण, समन्वय, अनुगमन एवम् निर्देशन दिन देहाय बमोजिम केन्द्रीय निर्देशन समिति रहने छ ।

| | |
|---|---|
| (क) सचिव, अर्थ मन्त्रालय | -संयोजक |
| (ख) डेपुटी गभर्नर (नेपाल राष्ट्र बैंकले तोकेको) | -सदस्य |
| (ग) सह सचिव, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | -सदस्य |
| (ग) अध्यक्ष, बीमा समिति | -सदस्य |
| (घ) प्रमुख कार्यकारी अधिकृत, निक्षेप तथा कर्जा सुरक्षण कोष | -सदस्य |
| (ङ) सह सचिव, अर्थ मन्त्रालय (सम्बन्धित महाशाखा) | -सदस्य सचिव |

(२) समितिले छलफल तथा निर्णयका लागि विषय वस्तुका आधारमा बिषय विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) समितिको बैठक भत्ता तथा खाजा खर्च अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

(४) समितिको बैठक आवश्यकतानुसार बस्नेछ र आफ्नो कार्यविधि आफै तय गर्नेछ ।

(१९.ख) केन्द्रीय निर्देशन समितिको काम, कर्तव्य र अधिकार :- केन्द्रीय निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) यस कार्यविधिको कार्यान्वयनका लागि नेपाल सरकारका अन्तर निकाय बीच समन्वय गर्ने,

(ख) यस कार्यविधि कार्यान्वयन गर्दा देखापर्ने बाधा फुकाउन कार्यविधिको व्याख्या गरी केन्द्रीय समन्वय तथा अनुगमन समितिलाई निर्देशन दिने ।

(ग) कार्यविधिमा भएका व्यवस्थाहरु परिमार्जन गर्नु परेमा अर्थ मन्त्रालय समक्ष सिफारिश गर्ने,

(घ) यस कार्यविधिको कार्यान्वयनको अवस्थाको बारेमा अनुगमन गर्ने वा गर्न निर्देशन दिने ।

१०. मूल कार्यविधिको दफा २१ मा संशोधन: मूल कार्यविधिको दफा २१ को (ङ) पछि देहायको (च) थपिएको छ।

"(च) केन्द्रीय निर्देशन समितिले दिएका निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।"

११. मूल कार्यविधिको अनुसूची १ मा संशोधन :

(१) मूल कार्यविधिको अनुसूची १ को (क) मा देहायको (२०) र (२१) तथा प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छ ।

"(२०) कृषि औजार, उपकरण वा संयन्त्रको उत्पादन, खरिद तथा बिक्रि बितरण"

"(२१) कृषि चुन उद्योग"

“तर माथि उल्लेख भए बमोजिमका व्यवसायिक कार्यहरु संचालन गर्दा बिक्रि बितरणमात्र गर्ने व्यवसायलाई ब्याज अनुदान प्रदान गरिने छैन । उक्त उद्योग व्यवसायहरु उत्पादन देखि प्रशोधन सम्मको कार्यमा संलग्न भएको हुनु पर्नेछ ।”

(२) मूल कार्यविधिको अनुसूची १ को (ख) को (३) को (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ ।

(छ) "यातायात सेवा सम्बन्धी सम्पूर्ण सवारी साधनहरु"।

(३) मूल कार्यविधिको अनुसूची १ को (२) मा उल्लेखित उद्योग व्यवसाय अन्तर्गत रहेको "खेलौना" भन्ने शब्द पछि "जुत्ता चप्पल उत्पादन" भन्ने शब्दहरु थपिएका छन ।